# स्वास्थ्य तथा सरसफाइ नीति

सिमकोट गाउँपालिका

सिमकोट, हुम्ला

कर्णाली प्रदेश, नेपाल

गाउँ कार्यपलिकाको बैठकबाट

स्वीकृत मितिः २०७७/०९/०५

# स्वास्थ्य तथा सरसफाई नीति २०७७
# सिमकोट गाउँपालिका

## १.पृष्ठभूमि

## २. हालको व्यबस्था

नेपालको संविधान २०७२ को धारा २२१ बमोजिम सोहि संबिधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानिय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम  एकल अधिकार को आधारमा सिमकोट बासिको स्वास्थ्यलाई मध्यनजर गर्दै अतिरिक्त सेवा प्रवाह गर्नको लागि यथा सम्भव प्रयास गर्दै आईरहेको छ। राष्ट्रिय स्वास्थ्य नीति २०४८ को रणनीति अनुरुप आधारभुत स्वास्थ्य सेवामा सबैको समान पहुँच पुऱ्याउने उदेश्यले तत्कालिन सबै साविकका गाउँबिकास समितिहरुमा स्वास्थ्य चौकि स्थापना भए अनुरुप ठेहे स्वास्थ्य चौकि, बरगाउँ स्वास्थ्य चौकि, डाँडाफया स्वास्थ्य चौकि र स्याडा स्वास्थ्य चौकिहरुबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आईरहेको छ। साथै स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित समुदायलाई सरल र शुलभ रुपमा गुणस्तरीय सेवा प्रदान गर्न दोजाम, कुम्लीक जिउला, बुराउँसे, माथिल्लो गाउँ, चौगानफया, साता, खोल्सी, हिल्दुममा सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा दिंदै आएको छ।

गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा आबश्यकताको आधारमा बजेट बिनियोजन गरी स्वास्थ्य सेवा प्रवाहमा प्रभाबकारी कियाकलाप सम्पन्न गर्दै आईरहेको  छ। सिमकोट गाउँपालिका बासिहरुको आधारभुत स्वास्थ्य सेवाको  पहुँच सुनिश्चत गर्न तथा स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरुलाई संरक्षण गर्दै निर्देशित नीति तथा कार्य विधि अनुरुप यथार्तपरक स्वास्थ्य योजना निर्माण गरि कार्यान्वयन गर्दै आईरहेको छ। गाउँपालिकाले स्वास्थ्य स्थिति झल्कने गरी स्वास्थ्य प्रोफाईल तथा प्रतिबेदन तयार गरेको छ साथै आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिनेछ।

हाल यस गाउँपालिका भित्र जिल्ला अस्पताल १, स्वास्थ्य चौकि ४, समुदायीक स्वास्थ्य ईकाई ५, आधाभुत स्वास्थ्य सेवा केन्द्र ३, गाऊँघर क्लिनिक ३, खोप केन्द १३, बहिरंग कुपोषण अपचार केन्द्र (OTC) ३ वटा (जिल्ला अस्पताल समेत) महिला स्वास्थ्य स्वयं सेबिका ४६ जना र जिल्ला अस्पताल बाहेक २५ जना करार र २१ जना स्थाई गरि जम्मा ४५ जना स्वास्थ्य कर्मिहरुले सेवा प्रवाह गर्दै आई रहेका छन्।

गाउँपालिका भित्र बालबिबाह, किशोर अबस्थामा बिबाह गर्ने तथा कम उमेरमा गर्भवति हुने प्रचलन अझै कायम रहेको छ, जसको परिणाम स्वरुप कम तौलका शिशु जन्मने, समय भन्दा अगावै जन्मने, रक्त अल्पता, कुपोषण, मातृ तथा शिशु मृत्यु दर बढ्ने लगाएत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य र यौन जन्य समस्याहरु देखा पर्ने गरेका छन्।

स्वास्थ्य तथा सरसफाई नीति

केहि महत्वपूर्ण स्वास्थ्यका सुचांकहरुलाई राष्ट्रिय तथा प्रादेशिक सुचांक संग तुलना गरी देहाय बमोजीम प्रस्तुत गरीएको छ ।

| सुचकहरु | नेपाल | कर्णली प्रदेश | आ.व २०७४/७५ | आ.व २०७६/७७ | आ.व २०७७/७८ | कैफियत |
|---|---|---|---|---|---|---|
| पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ३९ | ५८ | ० | ० | ० | |
| शिशु मृत्यू | ३२ | ४७ | ० | ० | ० | |
| नवजात शिशु मृत्यु | २१ | २९ | ० | ० | ० | |
| संस्थागत प्रसुतीको प्रतिशत | ६१.२ | ७३ | ९३ | ११० | ८९ | |
| मातृ मृत्यु | २३९ | १३ | ० | ० | ० | |
| द्यऋन खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९१ | १०१.५ | १२६ | ११४ | १२२ | |
| DPT-HepB-Hib3 खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ८६ | ९४ | १०७ | ९३ | ८८ | |
| Measles/rubella 1 को खोप लगाउने ९ देखी ११ महीनाका बच्चाहरुको प्रतिशत | ८४ | ९९ | ७७ | १०५ | ८५ | |
| TD2 / TD+ खोप लगाउने गर्भवती महिलाहरुको प्रतिशत | ७६ | ६९.२ | २०९ | ६५ | ५६ | |
| स्वास्थ्यकर्मी द्वारा प्रसुती भएका नवजात शिशुका मध्य कम तौल (? २.५ के.जी.) भएको प्रतिशत | ० | ५.१ | १० | ९ | ३ | |
| गर्भअवस्थामा १८० दिन आइरन फोलिक एसिड खाने महीलाको प्रतिशत | ५१ | ६१ | ३४६ | ३५ | २७ | |
| प्रसुती पश्च्यात पभिटामिन ए प्राप्त गर्ने महिलाहरुको प्रतिशत | ६५ | ९८ | ८१ | ४१ | २८ | |
| झाडापखाला कारण जिङ्क र ओ.आर.एस बाट उपाचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९६ | ९८.६ | ७२ | ६२ | ६६ | |
| प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत | ५६.५ | ६१.९ | १७९ | ९१ | ४७ | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रशुती गराउनेको प्रतिशत | ५७.६ | ५९.४ | ९२ | १०७ | ८१ | |
| नियमितरुपमा ३ पटक उत्तर प्रशुती जाच गराउनेको प्रतिशत | १६.३ | २४.१ | ३९ | ७३ | ३९ | |
| परिवार नियोजन सेवाका नयाँ सेवाग्राही (विवाहित प्रजनन उमेरका महिलाहरु मध्य) | १२ | १८ | ६७ | ४१ | ३८ | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि सिमकोट गाउँपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

स्वास्थ्य तथा सरसफाई नीति

## ३ सिमकोट गाउँपालिकामा बिद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अबसरहरु

### ३.१ समस्याहरु

- गाउँपालिका भित्र अझै पनि केही गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी नभई घरमै सुत्केरी हुने गरेका छन् । किशोरावस्थामै गर्भवती भई बच्चा जन्माउनेहरुको संख्या पनि रहेको छ ।
- स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीहरु अझै पनि प्रभावकारी तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा छैनन् ।
- हिमाली भेग, कच्चि र साघुरा सडक भएकोले सवारी दुर्घटना हुने, रुख तथा भिरबाट खसेर चोट पटकका घटनाहरु भई त्यसबाट बाट हुने अपाङ्गता, मृत्यु तथा अन्य समस्यहरु देखा पर्ने क्रम पनि बड्दो छ ।
- गरिबी र चेतनाको अभाब फलस्वरुप बेला बखत झाडापखला, सिजनल फ्लु ( रुघा खोकि) फैलने गरेको छ ।
- सर्ने भन्दा नसर्ने रोगहरु -दात दुख्ने,क्यान्सर, मानसिक रोग, मुटु रोग, मृगौला, हाड जोर्नि दम, COPD, ढोल (ढुङ्गा) खसेर चोट लाग्ने र रुखबाट खसेर हुने अङ्ग भङ्ग तथा चोटपटक) जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा देखापरेको छ ।
- बहुमुल्य सम्पतिको रुपमा रहेको जडिबुटि एवं आर्यूबेद तथा अन्य बैकल्पिक उपचार पद्दतिको बिकास, बिस्तार र सदुपयोग हुन सकेको छैन ।
- गम्भीर प्रकृतिको रोग लागेमा उपचार महङ्गो भई घरमै मृत्यु बरण गर्नु पर्ने अबस्था बिद्यमान रहेको छ ।
- चेतना को अभाबको कारण गर्भवति तथा किशोरीहरुले आकस्मीक परिवार नियोजनको खाने चक्की लामो समयसम्म र धेरै पटक प्रयोग गर्दा र स्वतः स्पूर्तरुपमा गर्भपतन गराउने औषधी सेवन गर्नाले बिकराल समस्याहरु देखा पर्ने गरेको छ ।
- अझै पनि चेतनाको अभाबका कारण औषधीको समुचित प्रयोग नहुदा त्यसबाट हुने प्रतिजैबिक प्रतिरोधक बढ्दै जाने समस्या रहेको छ ।
- किशोरकिशोरी, सुनौला हजार दिनका आमा, पाँच बर्ष मुनिका बालबालिका र प्रजनन उमेरका महिलाहरुमा सन्तुलित भोजनको अभाबका कारणले कुपोषणको अवस्था विद्यमान रहेकोछ ।
- बिरामीहरुले स्वास्थ्यकर्मीहरु संग खुलस्तरुपमा आफ्ना स्वास्थ्य सम्बन्धि समस्याहरु बताउन सकेका छैनन् ।
- स्वास्थ्य संस्थामा २४ घण्टा प्रसुति सेवा प्रवाहको लागि आबश्यक औषधि, औजार तथा उपकरण प्रयाप्त मात्रामा उपलब्ध हुन सकेको छैन ।
- स्वास्थ्य संस्थाहरुमा बालबालिकाहरुको नियमितरुपमा बृद्धी अनुगमन नगर्नाले कुपोषितको संख्यामा कमि हुनसकेको छैन ।
- परिवार नियोजनका साधनहरु प्रयोग नर्गनु वा गर्न नचाहानाले परीवारनियोजन उपयोग दर बृद्धी गर्न  नसकिएको ।

स्वास्थ्य तथा सरसफाई नीति

- बरगाउँ स्वास्थ्य चौकिको भबन मापदण्ड अनुसार निर्माण नभएकोले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समस्या रहेको ।
- अत्याबश्यकीय निशुल्क औषधिहरुको कमी ।
- खोप केन्द्रहरुमा चल्ने खोप सेसन र बृद्धि अनुगमन एकै समयमा चल्ने गरेकोले तथ्याकंहरु प्रविष्ठ गर्न समस्या रहेको ।
- खोप केन्द्र र गाऊँघर क्लीनीक नियमितरुपमा संचालन नहुनु तथा सँचालन भएको सेसनहरुको तथ्याकं स्वास्थ्य संस्थाको सेवा रजिष्टरमा अद्यावधिक नहुनु ।
- खोप केन्द्र र गाउँघर किलिनिक व्यवस्थीत रुपमा सञ्चालन गर्नका लागी भवन तथा फर्निचरको अभाब हुनु ।
- भौगोलिक बिकट्ता तथा खर्क (लेक) जाने समस्यका कारण वालबालिकाले नियमित र पूर्ण खोप पाउन सकेका छैनन् ।
- सम्बन्धित निकएबाट समयमै औषधि तथा खोप उपलब्ध हुन सकेको छैन ।
- औषधि ढुवानि, भण्डारण र बितरण को उचित ब्यबस्था नहुनाले गुणस्तरीय सेवा प्रवाह हुन सकेको छैन ।
- स्वास्थ्य चौकिमा आकस्मिक सेवा संचालनको नीतिगत ब्यबस्था हुन सकेको छैन ।
- स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्नको लागि नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याकंनका साथै प्रतिवेदन गर्ने प्रणालीको विकास गरि कार्यान्वयन हुन सकेको छैन ।
- व्यवस्थापकीय पक्षबाट स्वास्थ्यका मुद्दाहरुलाई तथा स्वास्थ्य संस्थालाई महत्व र प्राथमिकतामा राखि कार्ययोजना बनाउन सकिएको छैन ।
- स्वास्थ्य सुचना व्यबस्थापन प्रणालि चुस्त दुरुस्त रुपमा संचालनमा आउन सकेको छैन ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाह गर्न तथा मौजुदा स्वास्थ्य संस्थाहरुको मर्मत सम्भारको लागि आबस्यक बजेट बिनियोजन हुन सकेको छैन ।

## ३.२ चुनैतिहरु

संबिधानले ब्यबस्था गरेको संघिय स्वरुप, भौगोलिक एवंम् जनसंख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाको न्यायोचित बितरण नहुनु, निःशुल्क बितरण गरीने औषधिको आबश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित नगर्नु, स्वास्थ्य सेवा प्रबाहको नियमित अनुगमन, सुपेरीवेक्षण तथा मूल्याकंन गर्न नसक्नु, सबैका लागि स्वास्थ्य बिमा लागु गर्नु, निजी तथा बिकास साझेदार संस्थाको सहयोग परिचालन तथा उपयोगलाई प्रभाबकरी बनाउनु, समन्वय कायम गर्नु र स्वास्थ्य सेवालाई प्रभाबकारी रुपमा सुचारु गर्नु, आधुनिक पद्धति मा विश्वास बढ्न नसक्नु, प्रम्परागत धामि, झाक्रि, छाऊपडी जस्ता अभ्यासमा बिश्वाश गर्नु, यातायतको असुविधा, दक्ष जनशक्तिको अभाब र अब्यबस्थित प्रसुति गृह, चेतनाको अभाबले संस्थागत प्रसुतिमा बृद्धि नहुनु, स्वास्थ्य संस्थाको ब्यबस्थापकिय पक्षबाट नियमित बैठक का साथै स्वास्थ्य संस्थाको सामाजिक परिक्षण नहुनु र स्वास्थ्य सुचना प्रणालीलाई



स्वास्थ्य तथा सरसफाई नीति

बिघुतिय प्रणलिमा नियमित प्रबिष्ट गर्न नसक्नु जस्ता स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतिकोरुपमा रहेका छन् ।

## ३.३ अबसरहरु

- संबिधान प्रद्त्त एकल तथा साझा अधिकरका सुचि बिस्तृतिकरण भई स्पष्ट रुपमा स्वास्थ्य संम्बन्धी स्थानिय सरकारको अधिकार निर्धारण हनु ।
- स्वास्थ्य बिमालाई ब्यबस्थि गर्नको लागी स्थानिय सरकार द्वरा गाउँपालिका बासिहरुलाई स्वास्थ्य विमा गर्न अभिप्रेरीत गरिएको साथै वडा नं. ५ का सम्पूर्ण घरधुरीहरुलाई स्वास्थ्य बिमा निःशुल्क रुपमा गराउनका लागि आवस्यक बजेट विनियोजन हनु ।
- स्वास्थ्य सेवालाई प्रभाबकारी बनाउनको लागी गाउंपालिकाबाट यथेस्ट बजेट बिनियोजन हुनु ।
- स्वास्थ्य सुचना प्रणाली सुदृढिकरण हुँदै जाँदा स्वास्थ्य संस्था स्तरबाटै स्वास्थ्य व्यवस्थापन सुचना प्रविष्ठ गर्ने प्रणालीको विकास भएकोले तथ्यपरक निर्णय गर्ने प्रणालीको बिकास हुनु ।
- स्वास्थ्य संस्था नभएको वडाहरुमा सेवा प्रवाहको लागि आधारभुत स्वास्थ्य सेवा केन्द्र र सेवाको पहुच नपुगेको बस्तिहरुमा समुदायीक स्वास्थ्य ईकाई स्थापना भई सेवा प्रवाह हुनु ।
- स्थानीय सरकारले स्वास्थ्य क्षेत्रको बिकासलाई उच्च प्रथामिकतामा राख्नु ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैर सरकारी संस्थाहरुको सहयोगी भुमिका हुनु ।
- ३ वटा स्वास्थ्य चौकिहरुको भवन निर्देशिकाको मापदण्ड अनुसार निर्माण हुनु ।
- जिल्ला अस्पताल हुम्लामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि ८ जना स्वास्थ्य कर्मिहरु अस्थाई नियुक्त गरि खटाईनु ।
- दरवन्दिको ९०% स्वास्थ्यका कर्मचारीको पदपुर्ति भएकोमा थप १६ जना स्वास्थ्यकर्मिहरु करारमा नियुक्त गरि विभिन्न स्वास्थ्य संस्थाहरुमा खटाईनु ।
- गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरु, स्वास्थ्य कर्मिहरुले प्रदान गरेका स्वास्थ्य सेवाको गुणस्तरीयताको नियमित रुपमा अनुगमन, मूल्याकंन, सुपेरीवेक्षण गर्ने कार्यविधि तथा निर्देशिका तयार नभएकोले तयार गरि कार्यान्वयनमा ल्याउने ।
- स्थानिय सरकारले साक्षर महिला स्वंयम सेबिको नियूक्ती गरी समुदायमा सेवा प्रवाह को चुस्तदुरुस्त अभिलेख र प्रतिदेन नियमित रुपमा पठाउने ।
- ४ वटै स्वास्थ्य संस्थाहरुबाट चौबिस घण्टा प्रशुतिसेवा नियमित संचालनमा आउनु ।

## ४. नीतिको आबश्यकता

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हाँसिल गरेका उपलब्धीहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय

स्वास्थ्य तथा सरसफाई नीति

स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । सिमकोट गाउँपालिकाले प्रथामीकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हाँसिल गर्नका लागि गाउँपालिकाले स्वास्थ्य सरसफाई तथा पोषण नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

## ५. नीतिको निर्देशक सिद्धान्त तथा उद्देश्यहरु

### ५.१ निर्देशक सिद्धान्त

गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा केहि मूल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताप गरीएका छन । प्रस्तुत निर्देशित सिद्धान्तका आधारमा सिमकोट गाउँपालिकाको स्वास्थ्य सरसफाई तथा पोषण नीति २०७७ को गाउँपालिकाबासीको स्वास्थ्य सम्बन्धि हक र गाुणस्तरीय सेवाको पहुँच सुनिश्चित गर्न देहाएका निर्देशक शिदान्तहरुको आधारमा रहि यो नीति प्रतिपादन गरी कार्यान्वयन गरेको छ ।

१. सबै बर्ग (महिला तथा बालबालिका, फकर कार्य क्षमता भएका व्यक्तिहरु, अल्पसंख्य, दलित लगायत) समुदायका नागरीकहरुले आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँचमा अभिवृद्धि ।
२. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा ।
३. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा ।
४. तथ्यमा आधारित योजना, प्रर्याप्त लगानी र कुशल व्यबस्थापन ।
५. सुशासान, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता ।
६. आयूर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको प्रर्बद्धन तथा समुचित ब्यबस्थापन ।

### ५.२ भावी सोच (Vision)

स्वस्थ गाऊँपालिकाको लागि सचेत र सुखी नागरीक ।

### ५.३ ध्येय (Mission)

गाऊँपालिकाबासीको स्वस्थ रहन पाउने मौलिक हक तथा अधिकारको सुनिश्चित गर्ने ।

### ५.४ लक्ष्य (Goal)

साधन र श्रोतको अधिकतम एंव प्रभावकारी रुपमा परिचालन गरि समतामुलक सुदृढ सेवा प्रणालिको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहँच बृद्धि गरी सिमकोट गाऊँपालिका वासिको स्वास्थ्य स्थितीमा सुधार ल्याउने ।

स्वास्थ्य तथा सरसफाई नीति

## ५.५. उद्देश्यहरू (Objectives)

- आधारभूत स्वास्थ्य सेवाको निःशुल्क एंव गुणस्तरीय रुपमा उपभोग गर्न पाउने अवसर सृजन गर्ने ।
- गाऊँपालिका क्षेत्र भित्रका सबै वर्ग, जाति, लिङ्ग, तथा समुदायका नागरीहरुले सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रयोग गर्न सक्ने गरी पहुँचमा बृद्धि गर्ने ।
- अति गरीव, ज्येष्ठ नागरिक, महिला, बालबालिका, पिछडिएको एवम् सिमान्तकृत वर्गलाई सामाजिक स्वास्थ्य सुरक्षा प्रणाली तथा स्वास्थ्य बीमाको माध्यमबाट  स्वास्थ्य सेवा लिने अबसर सृजना गर्ने ।
- सुशासन, जवाफदेहिता र जिम्मेवारीपनको प्रत्याभूत हुने गरी स्वास्थ्य सेवालाई जनउत्तरदायी बनाउने ।
- प्रभाबकारी एबंम मैत्रिपूर्ण स्वास्थ्य सेवाको बिकास र बिस्तार ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य जीबन शैली प्रबर्द्धन, ब्यबहार परिबर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा बातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण  सृर्जना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रर्वद्धन गर्ने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने तथा स्वास्थ्य क्षेत्र मार्फत समग्र गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, नीजि, बहुपक्षीय साझेदारी विचमा सहकार्य प्रर्वद्धन गर्ने ।

## ६. नीतिहरु

सिमकोट गाउँपालिकाले विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

स्वास्थ्य तथा सरसफाई नीति

**नीति १**. सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिका बासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

**नीति २**. गाउँपालिका क्षेत्रभित्रका सबै नागरिकलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ ।

**नीति ३**. व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

**नीति ४**. गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग, पहुँच र उपभोगमा बृद्धि गरी पोषण स्थितिमा सुधार ल्याउन आबश्यक समन्वयात्मक कार्यक्रम गरिनेछ ।

**निति ५**.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै सेवा प्रवाहमा गुणस्तरीता, जवाफदेहिता एंव परिणाममूखिबनाईनुका साथै स्वाथ्यकर्मीको सुरक्षाको प्रत्याभुति गराईने छ ।

**नीति ६**. सिमकोट गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा आबश्यताको आधारमा दक्ष जनशक्ति र स्वास्थ्य उपकरणको समुचित व्यवस्था गरीने छ ।

**नीति ७**. आयूर्वेद तथा गाउँपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ ।

**नीति ८**. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजन सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

**नीति ९**. आपतकालिन स्वास्थ्य अबस्था तथा अन्य सरुवा रोग एंव महामारी, नियन्त्रण, जलवायू परिवर्तनजस्ता प्रतिकुल अवस्थाको व्यवस्थापनको लागि बहुपक्षीय सहकार्य गरी असरको न्यूनीकरण र स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गरिने छ ।

**नीति १०**.न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

**नीति ११**.गाउँपालिका भित्र सञ्चालन हने सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभाबकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गर्ने ब्यबस्था मिलाइने छ ।

**नीति १२**.स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

**नीति १३**.स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

**नीति १४**.वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिका वासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

**नीति १५**.सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ।

**निति १६**.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ।

**नीति १७**.बिभिन्न सरुवा रोग रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

**नीति १८**.जनसंख्या ब्यवस्थापनलाई सिमकोट गाउँपालिकाले बिकासको मुल खम्बाको रुपमा संस्थागत गरिनेछ ।

## ७. नीति अर्न्तगत रणनीतिहरुः

### नीति १.सिमकोट गाउँपालिकाले हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ।

१.१ सिमकोट अस्पताललाई सुबिधा सम्पन्न वनाई गाउँपालिकावासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा दिन संघ तथा प्रदेश र अस्पताल ब्यबस्थापन समिती सँग सहकार्य र समन्वय गरिने छ।

१.२ राष्ट्रिय मापदण्ड अनुरुप गाउँपालिका अन्तरगतका सबै वार्डहरुम स्वास्थ्य संस्था, समुदायीक ईकाई निर्माण गरि स्वास्थ्य ईकाईहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा शुलभ र प्रभावकारी रुपमा प्रवाह गराईनेछन ।

१.३ भुगोल, जनघनत्वक र समाजिक नक्साअङ्कनको आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ।

१.४ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री पूर्वाधार सहितको संस्थाको रुपमा विकास गरिने छ।

१.५ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ।

१.६ तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता, कर्मचारीहरुको योग्यता तथा सिप र गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ।

१.७ सिमकोट गाउँपालिकाले वडाहरुसंग समन्वय गरी हरेक वडाका स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि स्वास्थ्य स्वयंसेवक, बिद्यालय नर्स जस्ता मानव संसाधनको व्यबस्था मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१.८ सिमकोट गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ।

स्वास्थ्य तथा सरसफाइ नीति

१.९ सिमकोट गाउँपालिका, सघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

## नीति २.गाउँपालिका क्षेत्रभित्रका सबै नागरिकलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ ।

२.१ प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना गरी निदानात्मक सेवा बिस्तार गरीने छ ।

२.२ स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको पूर्वाधार, उपकरण तथा कर्मचारी अवाशको व्यबस्था गरीने छ ।

२.३ स्वास्थ्य संस्थामा खानेपानी, सरफाई, बिजुली, ईन्टरनेट सेवा र स्वास्थ्य संस्थाबाट सिर्जीत फोहोरमैला बिसर्जनको ब्यबस्था गरीने छ ।

२.४ मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य सेवा लगाएतका विशेष उपचार सेवालाई विकास र विस्तार गर्न चिकित्सको व्यवस्था मिलाई गाउँपालिका बासिलाई सेवा प्रदान गरीने छ ।

२.५ सार्वजनिक निजि सफ्ेदारीमा आँखा स्वास्थ्य सेवालाई विकास तथा विस्तार गर्दै प्रदेश तथा केन्द्रीय निकाएबाट समन्वय, सहकार्य गरी गाउँपालिका स्तरमा एक आँखा स्वास्थ्य ईकाई स्थापना गरीने छ ।

२.६ अन्य विशिष्टिकृत स्वास्थ्य सेवालाई आबस्यकताअनुसार बिकास तथा बिस्तार गरीदै लगिने छ ।

२.७ गाउँपालिकाभित्र रहेका सबै वडा तथा पहुँच बाहिर रहेका दुर्गम ग्रामीण भेगका वस्तीहरुमा निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरि विशेषज्ञ सेवा बस्ती स्तर सम्म पुर्याईनेछ ।

२.८ विपन्न वर्गहरुमा कडा तथा असामान्य रोगहरुको विशिष्टकृत सेवाका लागि आर्थिक सहायता सहित प्रेषण प्रणालीमा सुढृढ गरिनेछ ।

## नीति ३. व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

३.१ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चारमाध्यमसँग समन्वय तथा सहकार्य गरीने छ ।

३.२ दुर्बेशिनिका कारण हुने सवारी दुर्घटना, घरेलु हिंशा लगायत मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि बिभिन्न सरोकारवाला निकाएसंग समन्वय र सहकार्यमा सचेतनामुलक तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

३.३ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सेवाको अलवा स्वास्थ्य सुचनामैत्री बलाउन पोषण र प्रमर्श कक्षको स्थापना गरी एकिकृत स्वास्थ्य सेवा बिस्तार संस्थाको विकास गरिने छ।

३.४ गाउँपालिकाभित्र सुर्तिजन्य पदार्थ, घरेलु मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ।

३.५ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ।

३.६ जटिल रोगहरुको अवस्था समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु ( Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography ) आदि सेवा उपलब्ध गराईनेछ।

३.७ बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic संचालन गरिनेछ।

३.८ WHO Package of Essential Noncommunicable (PEN) Package लाई न्युनतम पनि सबै स्वास्थ्य संस्थामा लागू गरिने छ।

३.९ उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ।

३.१० स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, पतन्जली योग, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ।

३.११ विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा यथेष्ट सामाग्री सहितको स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ।

३.१२ प्रमूख सार्वजनिक स्थलहरुमा भितेलेखन र विद्युतीय माध्यम मार्फत महत्वर्पू स्वास्थ्य सन्देशहरु प्रदर्शन गरिने छ।

३.१३ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, सिमकोट गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।

### नीति ४. गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँच र उपभोगमा बृद्धि गरी पोषण स्थितिमा सुधार ल्याउन आबश्यक कार्यहरु गरिनेछ।

४.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय स्तरमा उत्पादित खाद्यनलाई भोग गरी पोषण व्यवहारमा परिवर्तन गर्ने तथा बजारिया खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ।

स्वास्थ्य तथा सरसफाई नीति

४.२ गाउँपालिका बासिहरुलाई खानामा बिबिधिकरण तथा उत्पादनकोलागि गाउँपालिकाले एक परिवार एक हरित गृहको अबधारना ल्याई अबिलम्बरुपमा सहयोग गर्ने छ ।

४.३ बिभिबन्न पोषिलो तथा स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रोत्साहन गर्दै एक घर एक नमुमा करेसाबारी को कार्यक्रमलाई प्रभाबकारीरुपमा अगाडी बडाउन आबश्यक रकम बिनियो गरीने छ ।

४.४ बहुक्षेत्रीय पोषण नीति तथा खाद्य सुरक्षा कार्यक्रमहरु अबलम्बन गर्दै उच्च प्रथमिकताका साथ लागु गरीने छ ।

४.५ सुक्ष्म पोषण सुधारका लागी बिभिन्न गैर सरकारी र साझेदारी संस्थाहरुसंग समन्वय र सहकार्यमा अल्पकालिन, मध्यकालिन र दिर्घकालिन हस्तक्षेपकारी उपाए अवलम्बन गरीने छ ।

४.६ सिमकोट गाउँपालिका अर्न्तगतका सम्पूर्ण स्कूलहरुलाई जङ्क फूड निषेधित जोन घोषना गरीने छ र १०० मिटर वरिपरिका पसलहरुमा चाउचाउ, बिष्कुट जस्ता अखाद्यबस्तु बिक्र बितरण गर्ण पाईने छैन ।

४.७ समपूर्ण स्कूलहरुमा बिद्यार्थी दिवा खाजा ब्यबस्था गर्नको लागी यस गाउँपालिका अन्तरगतका सबै स्कूलमा नमूना करेशाबारीको निर्माण गर्नुका साथै सामाजीक पोषण ब्यबहार परिबर्तनकोलागी नमूना करेशाबारी प्रदर्शनि गर्नु पर्नेछ ।

४.८ दुग्ध, अण्डा, मासु जन्य तथा अन्य पोषिलो खाद्य पदार्थ उत्पादन र बिक्रीबितरण गर्ने नमुना कृषकलाई उत्प्रेरणा स्वरुप केही बजेट अनुदान स्वरुप उपलब्ध गाराईने छ ।

४.९ पोषणयूक्त जनशक्ति र समाज निर्माण गर्न कार्यबिधि बनाई पोषणयुक्त नमुना टोल, वार्ड र गाउँपालिकाले अवधारणा अवलम्बन गरिनेछ ।

४.१० अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

४.११ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

४.१२ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/ब्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

४.१३ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

४.१४ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गर्नको लागी प्रभाबकारी कार्यक्रमहरु नियमितरुपमा कार्यान्वयन गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

४.१५ कुपोषित बालबालिकाहरुलाई पुनर्स्थापनाका लागि पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना गर्न सघं, प्रदेश संग समन्वय गरि स्थापनाको लागि पहल गरिने छ ।

४.१६ प्रभावकारी नियमन तथा अनुगमन गर्नको लागी उपप्रमुखको समजत्वमा गाउँपालिका स्तरमा पोषण तथा खाद्यशुरक्षा समिती गठन गरीने छ ।

## निति ५.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै सेवा प्रवाहमा गुणस्तरीता, जवाफदेहि एंव परिणाममूखि बनाईनुका साथौ स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गराईने छ ।

५.१ गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुच र शुलभ तरीकाले सेवा प्रत्याभूति गराउनुका खातिर स्वास्थ्यमा पूर्वाधार निर्माण, नियमित आपूर्ती व्यबस्था, दक्ष जनशक्तिको ब्यबस्थापन लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरि स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीने छ ।

५.२ उपलब्ध सेवालाई प्रभावकारी गराउनुका साथै सेवाग्रीह प्रति उत्तरदाईत्वबोध हुने गरी निमितरुपमा सामाजिक परिक्षण, सबैले देख्ने स्थानमा नागरीक बडापत्र, सार्बजनिक सुनुवाई गरी स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

५.३ संबिधान प्रदत्त दक्ष एंव जिम्मेवार स्वास्थ्यकर्मी बाट सेवाग्राहिले उपचार सम्बन्धि जानकारी पाउने हकको सुरक्षा गरिने छ ।

५.४ सेवा प्रदान गरीने स्वास्थ्य संस्थाहरुलाई सेवाग्राहीमैत्री बनाई गाउँपालिकाबासीको संबिधान प्रदत्त स्वास्थ्य हकलाई सुनिश्चित गरीने छ ।

५.५ सेवाग्राहि प्रति स्वास्थ्यकर्मीलाई उत्तरदाई तथा ब्यवसायिक बनाउन आचारसंहिताको पालना कार्यान्वयन गराई सुनिश्चत गरीने छ ।

५.६ स्वास्थ्यकर्मीहरुलाई सेवाप्रति जवाफदेहि बनाउन कार्यक्षमताको आधारमा पारिश्रमिक र सुविधा को ब्यबस्था गरीने छ र सेवाग्राहि प्रति उत्तरदायी नहुने स्वास्थ्यकर्मीलाई स्वास्थ्य ऐन २०७५ अनुसार कार्बाहि गरीने छ ।

५.७ वित्तिय सुशासनमा पारदर्शिता बढाउन सबै स्वास्थ्य संस्थाहरुले वार्षिकरुपमा लेखा परिक्षण, नागरीक बडापत्र, सार्बजनिक सुनाई, गुनासो तथा पृष्ठपोषन संकलन जस्ता क्रियाकलाप लागु गरिने छ

५.८ स्वास्थ्य संस्थामा कार्यरत स्थाई, अस्थाई सबै किसिमका कर्मचारीको कार्यबिधि उपलब्ध गराईने छ सोहि अनुसार काम कार्बाहि भए नभएको शुनिश्चित गर्न अनुगमन कार्यबिधी बनाई सोहिअनुसार अनुगमन गरीने छ ।

५.९ स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

५.१० अभिलेखिकरण, अनुगमन, सुपरिबेक्षण तथा मूल्यांकन प्रभावकारी रुपमा लागु गरीने छ ।

स्वास्थ्य तथा सरसफाई नीति

५.१२ स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरीने छ ।

५.१३ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई सिमकोट गाउपालिकाको प्रभावकारी रुपमा लागू गरीने छ ।

## नीति ६.सिमकोट गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा आबश्यताको आधारमा दक्ष जनशक्ति र स्वास्थ्य उपकरणको समुचित व्यवस्था गरीने छ ।

६.१ स्वास्थ्य संस्थामा आधारभुत सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ जसको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

६.२ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास प्रणालीद्धारा बिकास गरिनेछ ।

६.३ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिर्सर्जन गर्ने व्यवस्था मिलाईने छ ।

६.४ स्वास्थ्य सेवा प्रवाह अभिलेख राख्नलाई रजिष्टर, टुल्र्स, फर्म फर्मेट र प्रसुति लगाएतका अन्य सेवा दिनलाई आबश्यक पर्ने स्वास्थ्य उपकरण उपलब्धता भएको सुनिश्चितता गरीने छ ।

६.५ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालय संग समन्वय र सहकार्य गरिने छ ।

६.६ नयाँ संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि नि:शुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी आपूर्ति व्यवस्थापन (सप्लाई चेन) गरिनेछ ।

६.७ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

६.८ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नै काम कर्तब्य प्रति थप जवाफ देही र जनमुखी बनाउन नतिजामा आधारित कार्य सम्पादन तथा मूल्याङ्कन प्रणालिको विकास गरिने छ ।

६.९ स्वास्थ्य सेवालाई पालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा ब्यबस्थापन सर्वेक्षण गरि बैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने ब्यबस्था मिलाईने छ ।

स्वास्थ्य तथा सरसफाई नीति

६.१० पालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा मोटर पुग्नेगरि आन्त्ररिक सडक संञ्जाल मार्फत जोडिएको हुनेछ ।

## नीति : ७ आयूर्वेद तथा गाउँपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

७.१ गाउँपालिकामा उपलब्ध जडीबुटीहरुलाई आधारभूत आयूर्वेद एंव योग तथा प्राकृतिक चिकित्सा पद्धतीको विधि (आम्चि, यूनानी, होमियोप्याथिक, अकुपन्चर) सेवालाई संस्थागत बिकास गरी सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ सरकारसंगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरी सेवा प्रवाह गरिनेछ ।.

७.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।

७.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

## नीति ८.सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

८.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार नियमित संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई स्थानियले मानव स्रोत र भौतिक ब्यवस्था मिलाइ र्सवसुलभ र पहुँचयोग्य बनाईने छ ।

८.२ महिला तथा किशोरकिसोरीहरुको स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक, सांस्कृतिक निर्धारक तत्वहरुलाई निरुतशाहित गर्न, सकारात्मक ब्यबहार परीर्वतन गराउन सरोकारवालाहरुसँगाको समन्वमा जनचेतना मूलक कार्यक्रम तथा अभियानको ब्यबस्था गरीने छ ।

८.३ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यमा गुणस्तरीय सेवा प्रवाह गर्न प्रत्येक स्वास्थ्य संस्थामा दक्ष प्रसुतिकर्मीको ब्यबस्था गरीने छ ।

८.४ स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई प्रदेश संग समन्वय गरी किशोरकिसोरीमैत्री सेवा प्रभाबकारीरुपमा प्रदान गरीने छ ।

८.५ स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मिको ब्यबस्था मिलाई मापदण्ड अनुसारको पाँच वटै अस्थाई परिवारनियोजनको सेवा उपलब्ध गराउने ब्यबस्था मिलाईने छ ।

८.६ भौगोलिक बिकटता कारण स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसकेकाहरुलाई समेट्ने गरि बिभिन्न समयमा शिविरहरु संचालन गरि सेवाको पहुँचमा ल्याई सेवामा वृद्धि गरिनेछ ।

८.७ उमेर ढल्केका महिलाहरुलाई हुने समस्याहरु (पाठेघर खस्ने, *PID, white discharge, mental*) को समयमै पहिचान गरी रोकथाम, ब्यबस्थापन र उपचार गर्नको लागी समय

स्वास्थ्य तथा सरसफाई नीति

समयमा Via Camp, *Screening Camp, Village Ultrsound* जस्ता क्रियाकलापहरु संचालनमा ल्याईने छ ।

८.८ संस्थामा प्रशुति गराउदा आबश्यक पर्ने औजार, औषधि *(Synto, Miso, Epidosin, Inj Metharjin, Drip* लगाएतका PPH management लाई आबश्यक पर्ने Sim speculum, Sponge holder-2, Needle holder- 2, Thumb forcep, 20 को Catgut, Condom temponet set *(condod-2, sponge holder-2, Sim speculum-2, catheter-2, NS-1, Iv set-1, thread-2)* ) भएको शुनिश्चित गरीने छ ।

८.९ प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।

८.१० परिवारनियोजनको प्रयोग दर बढाउनलाई समुदायस्तरमा समुदायको प्रीचालन गरी (जस्तैः सामुदायिक रेडिया कार्यक्रम, म.स्वा.से, आमा समुह, अन्य समुह र स्कुल कार्यक्रम) जनचेतनामुलक कार्यक्रमरु संचालन गरीने छ ।

८.११ स्वास्थ्य संस्थाको क्षमताको आधार र संस्थाको स्तर उन्नति गर्दै शुरक्षित गर्भपतन कार्यक्रमको संचालन गरीने ब्यवस्ता मिलाईले छ ।

८.१२ घरमा हुने सुत्केरी लाई सून्य बनाउने (Zero home Delivery) नीतिलाई अबलम्बन गर्दै प्रत्येक स्वास्थ्य संस्थाहरुमा प्रसुती प्रतिक्षालय (आमा घर) निर्माण तथा संचलन गर्ने व्यवस्था मिलाईने छ ।

८.१३ पूर्णखोप गाउँपालिका सुनिश्चत गर्नको लागी नियमितरुपमा खोप संचालन गर्ने ब्यबस्था मिलाईने छ

।

८.१४ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुलाई विश्लेषण गरि आवश्यक्ताका अनुसार आकस्मिक नवजाता शिशु तथा मातृ सुरक्षा घुम्ती कोष स्थापना गरि कार्यान्वयनको लागि आवस्यक कार्यक्रम बनाई लागु गरिनेछ ।

८.१५ दुई वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गर्दै विद्यालयमा पोषण शिक्षालाई सुदृढीकरण गरिनेछ ।

८.१६ प्रत्येक महिना महिला स्वास्थ्य स्वंसेविका द्वारा सुनौला १०० दिनका आमाहरुको बैठक संञ्चालन गरि सेवा लिन प्रोत्साहन गरिने छ ।

८.१७ गाउँघर क्लिनिकलाई प्रभाबकारी रुपमा सुधार गरिनेछ ।

८.१८ आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (Breast Milk substitutes) लाई निरुत्साहित गर्नुका साथै पूर्ण स्थनपानलाई प्रवर्धन गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

## नीति ९.आपतकालिन स्वास्थ्य अबस्था तथा अन्य सरुवा रोग एंव महामारी, नियन्त्रण, जलवायू परिवर्तन लागि बहुपक्षीय सहकार्य गरी असरको न्यूनीकरण र स्वास्थ्य सेवा प्रभावबारी रुपमा प्रदान गरिने छ ।

९.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिको प्रतिकार्य योजना तथा आपतकालिन पूर्व तयारी कार्ययोजना निर्माण तथा पूर्व योजना तयार गरि वडा स्तर सम्म कार्यान्वयन गरीने छ ।

९.२ आकस्मिक स्वास्थ्य अबस्थामा आबश्यक पर्ने औषधि, उपकरण तथा अन्य सामाग्रीको जगेडा भण्डार (Buffer stock) गरी गाउँपालिका स्वास्थ्य साखाको कार्यलयमा राखिने छ ।

९.३ जलबायू परिबर्तनबाट स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावको बारेमा सचेतना बृद्धि गरी असर न्यूनिकरणका कार्यहरु गरीने छ ।

९.४ सरुवा रोगको निरन्तर निगरानी गरी नियन्त्रन, निवारण र उन्मूलनको लागि नियमित सञ्चालन भई आएका कार्यक्रमलाई प्रभाबकारीरुपमा सञ्चालान गरीने छ र प्रभाबकारी उपाय अबलम्बन गर्नुकासाथै आवश्यकता अनुसार परिमार्जित गरिने छ ।

९.५ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT र CRRT team ) गठन गरी अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।

९.६ प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र को सहकार्य, सहयोग र सम्पर्कमा रही गाउँपालिका स्तरको RRT team लाई द्रुत प्रतिकार्य प्रणाली अझ ब्यबस्थित गरी आबश्यकता अनुसार परीचालन गरीने छ ।

९.७ बातावरण र स्वास्थ्यमैत्रि प्रबिधिलाई प्रोत्साहन गर्दै स्थानिय अस्पताल तथा अन्य स्वास्थ्य संस्था एवं प्रयोगशालाबाट उत्सर्जित, औषधिजन्य फोहोरको उचित ब्यबस्थापनको लागि संघीय तथा प्रादेशिक

तथा स्थानिय तहले स्वास्थ्य संस्था जन्य फोहोर ब्यवस्थापन तथा बिसर्जन मावदण्डलाई प्रभावकारी रुपमा लागु गर्नेछ र सोको नियमनका साथै अनुगमन पनि गर्ने छ ।

९.८ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । सिमकोट गाउँपालिको तोकिएका स्वास्थ्य संस्था तथा बर्थिङहरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

९.९ दुर्गम क्षेत्रहरुका बासिन्दाहरुको स्वास्थ्य संकटमा (सुत्केरी ब्यथा, चोटपटक) रहेको र आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु परेमा प्रदेश तथा संघ सरकार सँग समन्वय गरि हवाई माध्यमबाट उद्धार गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

## नीति १०.न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

१०.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।

१०.२ गाउँपालिका अन्र्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

१०.३ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट नि:शुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु गाउँपालिकाले आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।

१०.४ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

१०.५ गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा सडक सञ्जाल पुऱ्याउने व्यवस्था मिलाईने छ ।

## नीति ११. गाउँपालिका भित्र सञ्चालन हने सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभाबकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गर्ने ब्यबस्था मिलाइने छ ।

११.१ गाउँपालिका भित्रका सबै प्रणालीका उपचार सेवा निदानात्मक, प्रयोगशाला, फिजियोथेरापी जस्ता निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ र क्षमता अभिबृद्धिमा सहयोग गरीने छ ।

११.२ गाउँपालिका भित्र रहेका सरकारी निजी तथा समामुदायिक स्वास्थ्य संस्थाहरु र कार्यक्रमहरुको नियमित अनुगमन मूल्याकंन, सुपरिवेक्षण तथा नियमन गर्नका लागि गाउँपालिका स्तरीय स्वास्थ्य क्षेत्रको अनुगमन मूल्याकंन तथा सुपरिवेक्षण निर्देशिका तयार गरि लागू गरिनेछ ।

## नीति १२. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

१२.१ गाउँपालिकाले कुल बजेटको न्यूनतम १५ प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।

१२.२ प्रत्येक व्यक्तिहरुलाई स्वास्थ्य विमामा सहभागि गराई व्यक्तिगत अधिक खर्चमा कमी ल्याईनेछ ।

१२.३ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।

स्वास्थ्य तथा सरसफाई नीति

१२.४ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमश: सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।

१२.५ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलत: जनस्वास्थ्य प्रर्वदनको क्षेत्रमा लगानि गर्न आबश्यक वातावरण सृजना गरीनेछ ।

१२.६ स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गर्न र व्यक्तिगत खर्चलाई कम गर्न राजश्व करलाई वित्तिय श्रोतको रुपमा परिचालन गरिनेछ ।

१२.७ स्वास्थ्य क्षेत्रमा समग्र आम्दानी , लगानी र वाडँफाँड प्रयोग र नीति कार्यक्रम योजना तर्जुमा प्रयोग गरिनेछ ।

१२.८ अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाबाट लिईने आर्थिक सहयोगलाई परिमाण तथा प्राथमिकता निर्धारण गरेर दोहोरोपना नहुने गरि प्रभाबकारी परिचालन गराईनेछ ।

१२.९ आर्थिक रुपमा विपन्न वर्गहरुलाई स्वास्थ्य सेवामा समान पहुँचको व्यवस्था गर्नका लागि आकस्मिक स्वास्थ्य सेवा कोषको स्थापना गरि कार्यान्वयन गरिनेछ ।

## नीति १३. स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

१३.१ प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।

१३.२ गाउँपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।

१३.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।

१३.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत व्यवस्था गरिनेछ ।

१३.५ तथ्यमा आधारित योजना तर्जुमा गर्दा स्वास्थ्य सर्वेक्षण, अनुसन्धान र अनुगमनका क्रममा देखिएका तथ्यहरु तथा विषयवस्तुहरु समेतलाई मध्ये नजर गरी योजना निर्माण गरिनेछ ।

१३.६ सबै वडाहरुमा हुने पञ्जिकरण विधिलाई अत्याधुनिक प्रबिधि सहित अभिलेख गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।

१३.७ स्वास्थ्य क्षेत्रसंग सरोकार राख्ने सबै क्षेत्रको एकिकृत सूचना प्रणाली विकास गरि गाउँपालिका स्तरीय वार्षिक स्वास्थ्य प्रतिबेदन तयार गरि प्रकाशन गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

**नीति १४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

१४.१ खुला दिशामुक्त गाउँपालिकाबाट पूर्णसरसफाई युक्त गाउँपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरीनेछ ।

१४.२ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ साथै वन पैदावारको अनियमित प्रयोगलाई न्यूनकिरण गरि सदुपयोग, संरक्षण र सम्वर्द्धन जस्ता कार्यहरु गरिनेछ ।

१४.३ सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरीनेछ ।

१४.४ कर्णाली प्रदेशले लिएको प्राङ्गारीक प्रदेश बनाउने नीतिलाई अवलम्बन गर्दै किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गरिने छ र जैविक विषादी तथा मलखाद उत्पादनको लागि कृषि शाखाको समन्वयमा प्रवद्धनात्मक कार्यहरु गरीनेछ ।

१४.५ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ ।

१४.६ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरीनेछ ।

**नीति १५ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।**

१५.१ छाउपडी, बाल बिवाह र कम उमेरमै गर्भवती हुने महिलाको स्वास्थ्यमा प्रतिकुल असर पार्ने खालका ब्यबहार परिबर्तका लागि चेतनामुलक कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा सञ्चालन गरीने छ ।

१५.२ महिनावारी भएको बेला छात्राको शैक्षिक संस्थामा नियमित उपस्थित हुने वातावरण श्रीजना गर्न सम्बन्धित निकायसंग छलफल गरी आबश्यक पूर्वाधार निर्माण, अभिमूखिकरण, स्यानीटरी प्याडको सहज उपलब्धता साथै प्रभावकारी विसर्जन गर्ने व्यवस्था मिलाईने छ ।

१५.३ स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीने छ ।

स्वास्थ्य तथा सरसफाई नीति

१५.४ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा ,विधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

१५.५ लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मिहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ ।

१५.६ गाउपालिकाले आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेषकार्यक्रम बनाई लागू गरीनेछ ।

## निति १६.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

१६.१ सिमकोट गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा बाल तथा अपाङ्ग मैत्रि स्वच्छ खानेपानी तथा सौचालयको व्यवस्था गरिने छ ।

१६.२ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

१६.३ वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

१६.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त सिमकोट गाउँपालिकाबाट पूर्णसफा सिमकोट गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।

१६.६ नागरिकको आनिबानी र व्यवहारलाई सम्बोधन गर्न स्वास्थ्य सम्बन्धी सन्देश र सामाग्री उत्पादन प्रसारण र नियमन गरिनेछ ।

## नीति १७. बिभिन्न सरुवा रोग रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

१७.१ क्षयरोग, एचआइभी एड्स, र हेपाटाईटिस वि लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू बनाई सञ्चालन गरीनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

## नीति १८.जनसंख्या व्यवस्थापन तथा नियन्त्रनलाई सिमकोट गाउँपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

१८.१ सिमकोट गाउँपालिका भित्र प्रमुख पञ्जिकरण (जन्म, मृत्यु, बसाइ सराई) व्यक्तिगत घटना दर्ता कार्यलाई विद्युतिय माध्यमबाट अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

१८.२ जनसंख्या सम्बन्धि जनचेतनामूलक विभिन्न किसिमका सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ ।

१८.३. समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ ।

१८.५. मौसमी बसाई सराई, श्रम बसाई सराई, जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

१८.६. वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासकोलागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ ।

१८.७. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

१८.८. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

## ८.संस्थागत संरचना

८.१. नीति कार्यान्वयनका लागि सिमकोट गाउपालिकाले नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि सिमकोट गाउँपालिका स्तरमा १५ सैयाको अस्पताल स्थापना गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९.आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः संघिय सरकार एवं कर्णाली प्रदेश सरकारको नियमित तथा शसर्त बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न संघिय एवं प्रदेश सरकारका सबै मन्त्रालयहको कार्यक्रम तथा वजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्य अवधारणालाई ल्याउन समन्वय गरिनेछ । नेपाल सरकार, कर्णाली प्रदेश सरकार र स्थानीय सरकार नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाचँ वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११.नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि सिमकोट गाउँपालिका स्वास्थ्य ऐन तर्जुमा गरिनेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

स्वास्थ्य तथा सरसफाई नीति

## १२. जोखिम

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, गाउँपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, गाउँपालिको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकालाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न सिमकोट गाउपालिकाले स्वास्थ्य नीति २०७७ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

## १३. खारेजी

हालसम्म स्थानीय तहमा स्वास्थ्य नीति लागु नभएकाले खारेजी गर्नु नपर्ने ।

स्वास्थ्य तथा सरसफाई नीति